

# ५ सारा राष्ट्रहरु र बाबेलको धरहरा

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ९:१८-११:९, लूका १०:१, मत्ती १:१-१७, लूका १:२६-३३, भजन १३९:७-१२, उत्पत्ति १:२८ र उत्पत्ति ९:१।

***यस अध्यायको मूल सार पद:*** **"यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो" (उत्पत्ति ११:९)।**

जलप्रलय हुनुभन्दा ठिक अघि एक्ल नोहाको बारेमा चर्चा गरिएको थियो। त्यसपछि नोहाबाट उनका तीन छोराहरूको बारेमा चर्चा गर्न पुगेको हामी पाउँछौं। ती छोराहरू थिए, शेम, हाम, र जाफेथ। ती छोराहरूमा विशेष गरेर हामको बारेमा चर्चा गरिएको छ। हाम कनानीहरूको पुर्खा थिए (उत्पत्ति १०:६,१५)। यसमा "कनान" भन्ने देशको अवधारणालाई चिनाइदिएको छ। यो देश प्रतिज्ञा गरिएको देश थियो (उत्पत्ति १२:५)। अब्राहमले पाएको आशिष त्यस प्रतिज्ञा गरिएको देशबाट सारा संसारमा फैलिने अपेक्षा गरिएको थियो (उत्पत्ति १२:३)। तर, कनान देशबाट सारा संसारमा आशिष दिने परमेश्वरको चाहना फेरि टुक्रिन पुग्यो। त्यो बाबेलको धरहराले गर्दा भएको थियो (उत्पत्ति ११:१-९)। फेरि एक फेरा, मानव प्राणीको निम्ति परमेश्‍वरको योजनामा बाधा आएको हामी देख्दछौं। सारा राष्ट्रहरूको उदय आशिषमय हुनुपर्ने ठाउँमा श्रापको अर्को थलो हुन पुग्यो। सारा राष्ट्रहरू वा मानिसहरू एक भएर परमेश्वरको ठाउँ लिन खोजे; तिनीहरूले गरेको फैसलालाई परमेश्वरले हस्तक्षेप गर्नुभयो। त्यसको फलस्वरूप मानिसहरू संसारमा तितिरबितर भए, अरू कुनै कारण नभएर भाषामा अलमल ल्याएर

भएको थियो (उत्पत्ति ११:८)। सारा संसारमा मानिसहरू फैलुन भन्ने आशिष नोहालाई परमेश्वरले दिनुभएको सुरुको योजना त थियो (उत्पत्ति ९:१), तर, जुन कारणले वा परमेश्वरको आशिष पाएर मानिसहरू फैलिनुपर्ने थियो त्यो नभएर अर्कै कारणले हुनपुग्यो। त्यो थियो, भाषाको अलमल वा खलबलले।

आखिरमा आएर, मानिस जतिसुकै दुष्ट भएतापनि परमेश्वरले नराम्रोबाट राम्रो गर्नुहुन्छ; यो उहाँको नीति नै थियो। हामीलाई जतिसुकै राम्रो वा नराम्रो होस्, हाम्रो जीवनको लक्ष्यको निम्ति बोलि उहाँकै हुन्छ। हामलाई उसको बाबुको पालमा दिएको श्राप (उत्पत्ति ९:२१,२२) र बाबेलको धरहरा बनाउने क्रममा भाषाको खलबल ल्याएर मानिसहरूलाई तितरबितर (उत्पत्ति ११:९) पारेतापनि सारा राष्ट्रको निम्ति त्यो भाषाको श्राप आशिषमा परिणत भएको थियो।

## १. हामीलाई दिएको श्राप

**उत्पत्ति ९:१८-२७मा एउटा अनौठो कथा छ। त्यसको सन्देश के छ त? हेर्नुहोस्, "जहाजबाट बाहिर निस्किआएका नोआका छोराहरू शेम, हाम र येपेत हुन्। हामचाहिँ कनानका पिता थिए। नोआका छोराहरू यी नै तीन जना थिए। यिनीहरूबाट समस्त पृथ्वी भरियो। माटोमा काम गर्ने नोआले दाखबारी लगाए। जब तिनले दाखमद्य पिए, तब तिनी मात्तिए र आफ्नो पालभित्र नाङ्गै सुतिबसे। कनानका पिता हामले आफ्ना पिताको नाङ्गोपन देखेर बाहिर आई आफ्ना दुवै दाजुहरूलाई बताइदिए। तर शेम र येपेतले एउटा लुगा लिए, र दुवैले आफ्ना काँधमा हाले र पछिल्तिर सर्दै-सर्दै गएर तिनीहरूले आफ्ना पिताको नग्नता ढाकिदिए। तिनीहरूका मुख पछिल्तिर फर्केको हुनाले तिनीहरूले आफ्ना पिताको नाङ्गोपन देखेनन्। जब नोआलाई मद्यको निद्राले छोड्यो र तिनका कान्छा छोराले गरेको कुरा तिनले थाहा पाए, तब तिनले भने, "श्रापित होस्, कनान, त्यो आफ्ना दाजुहरूका कमाराहरूको पनि कमारो हुनेछ।" तिनले यसो पनि भने, "शेमका परमप्रभु धन्यका होऊन्, कनान त्यसको दास होस्। परमेश्वरले येपेतको वृद्धि गरून्, र त्यसले शेमको पालमा वास गरोस्, र कनानचाहिँ शेमको कमारो होस्।"**

नोहाले आदमले जस्तै बगैंचामा काम गरेका थिए। दुवै आदम र नोहाका कथाहरूमा समान आशय वा विषय देखाइएको छः जब आदमले फल खाए तब उनी नाङ्गो भए; अनि उनले पातहरूको लुगा लगाए पछि परमेश्वरले

छालाको लुगाले छोपी दिनुभयो, श्राप पाएर, अनि आशिष। नोहाको कामले आदमको खेतबारी गर्ने कामतिर औंल्याउँछ, तर दुर्भाग्यवस, आदमको असफल इतिहास नोहाले पनि दोहोऱ्याउँछन्। फल वा अन्नलाई कुहाएर रक्सी बनाएर पिउने परमेश्वरको सुरुको योजना थिएन। नोहा रक्सीले तिल्ल भए, आफूले आफूलाई काबुमा राख्न सकेनन्, अनि उनी नाङ्गै भएर आफ्नो पालमा सुते। हामले आफ्नो बुबाको नाङ्गोपन "देखेको" भन्नाले हव्वाले "निषेध गरिएको फल"लाई (उत्पत्ति ३:६) देखेको आभास् दिन्छ। हामले आफ्नो बाबुको नाङ्गोपना लुकिछिपी वा अचानक देखेको थिएन। आफ्नो बाबुको नाङ्गोपन देखेपछि आफ्ना दाजुहरूसँग कुरा लगाइदियो। आफ्नो बाबुको समस्यालाई उसले सुल्झाउन प्रयास पनि गरेको थिएन। त्यसको विपरित, उसका दाजुहरूले आफ्ना बाबुको नङ्गनतालाई ढाक्न तुरन्तै कदम चाले। हामले आफ्नो बाबुलाई नाङ्गोको नाङ्गै छोडिदिए। उसको कामले उसलाई निन्दा गरेको आभास् दिन्छ।

यहाँको मूल विषयबस्तु भनेको आफ्ना बाबुआमालाई आदर गर्नुमा निर्णायक भूमिका भएको पाइन्छ। तपाईंको विगतलाई सम्झाउने बाबुआमालाई आदर नगर्दा तपाईंको भविष्यलाई असर पार्दछ (प्रस्थान २०:१२सँग एफिसी ६:२ तुलना गर्नुहोस्)। त्यसले गर्दा हामले पाएको श्रापले उसको भविष्य र उसको छोरा कनानलाई पनि असर पारेको थियो।

कतिपय मानिसहरूले यस कथालाई जातिय वा रङ्गेभदलाई उचित ठहऱ्याइएको पाइन्छ, तर यो ईस्वरीय ज्ञानलाई ठूलो गलत अर्थ लगाएको मान्नुपर्दछ। हामको कथालाई लिएर जाति वा रङ्गभेद अङ्गाल्नु नैतिक अपराध हो। यो भविष्यवाणी हामको छोरो कनानलाईमात्र लक्षित गरिएको थियो। जब कनानलाई उल्लेख गरेका थिए बाइबलका लेखकले कनानीहरूले गरेका भ्रष्ट चालचलनलाई मनमा राखेका थिए (उत्पत्ति १९:५-७,३१-३५)।

त्यसको थपमा, श्रापमा आशिषको पनि प्रतिज्ञा समावेश भएको पाइन्छ। "कनान" भन्ने शब्द हिब्रू क्रियापद काना' kana बाट आएको हो। यसको अर्थ "बशमा ल्याउनु वा अधिनमा राख्नु" हो। कनान देशका मानिसहरूलाई बशमा राखेर परमेश्वरका जनहरूले प्रतिज्ञा गरिएको देशमा रहन पाएका थिए। ती मानिसहरू शेमका सन्तान थिए। त्यसैबाट मसीहको आगमनको निम्ति तयार पार्नेभएको थियो। त्यही मसिहबाट यपेथको सन्तानको बृद्धि हुने प्रतिज्ञा गरिएको थियो, त्यो पनि शेमकै घरानामा (उत्पत्ति ९:२७)। यथार्थमा यसले भविष्यवाणीलाई इङ्गित गर्दछ, त्यो हो परमेश्वरको करार सारा

संसारमा फैलिने भविष्यवाणी। इस्राएलले पाएको मुक्तिको सन्देश सारा संसारले उपभोग गर्ने सन्देश त्यसमा लुकिएको छ (दानिएल ९:२७, यशैया ६६:१८-२०, रोमी ११:२५)। हामले पाएको श्रापले विश्वका सारा राष्ट्रहरूको निम्ति आशिष हुनेछ। हाम र कनानका सन्तानहरूमा जसले प्रभुले उपलब्ध गर्नुभएको मुक्तिको प्रतिज्ञालाई स्वीकार गर्दछ तिनीहरूले मुक्ति पाउनेछ।

**के रे? जलप्रलयको नायक नोहा रक्सीले मात्तियो? हामी जो भएतापनि जहाँ रहेतापनि हामी सबैमा कमीकमजोरीहरू छन् र हाम्रो जीवनको प्रत्येक क्षणमा परमेश्वरको अनुग्रहको आवश्यकता छ भनेर नोहाको कथाले हामीलाई कसरी सिकाउँछ?**

## २. बंशावलीको सुरु

नोहाको वर्षको बारेमा हामीलाई जानकारी दिएको अनुसार उनी जलप्रलयभन्दा अघिको मानव सभ्यता र जलप्रलयपछिको मानव सभ्यतासँग जोडिएको पाउँछौं। बाइबलमा नोहा देखा पर्नुभन्दा अघिको कथाले (उत्पत्ति ९:२८,२९)ले आदमको अन्तिम बंशावली जोडिएकोतिर हामीलाई लान्दछ (उत्पत्ति ५:३२)। नोहाको बुबा लेमेख ५६ वर्षको उमेरमा आदमको मृत्यु भएको थियो। आदमका कथाहरू तातातादै रहेको नोहाले सुनेका थिए होलान्। त्यसले गर्दा उनका छोरा बुहारीहरूलाई र जलप्रलयपछिका तिनीहरूका सन्तानहरूलाई आदमको कथा उनले सुनाएको हुनुपर्दछ।

**बाइबलको प्रत्येक अंश अर्थमूलक हुन्छ। उत्पत्ति १० अध्याय पढ्नुहोस्। बाइबलमा यो बंशावली लेखिएको उद्देश्य के हो त? हेर्नुहोस्, "नोआका छोराहरू शेम, हाम र येपेतको वृत्तान्त यही हो। जलप्रलयपछि तिनका पनि छोराहरू जन्मे। येपेतका छोराहरूः गोमेर, मागोग, मादे, यावान, तूबल, मेशेक र तीरास। गोमेरका छोराहरूः अशकनज, रीपत र तोगर्मा। यावानका छोराहरूः एलीशाह, तर्शीश, कित्तीम र रोदानीम। यिनीहरूबाट नै समुद्रतटवासीहरू, तिनीहरूका देशभित्र, प्रत्येकको आफ्नो भाषा र जातिअनुसार फिँजिए। हामका छोराहरूः कूश, मिश्रइम, पूत र कनान। कूशका छोराहरूः सेबा, हवीला, सब्ता, रामाह, र सब्तका। रामाहका छोराहरूः शेबा र ददान। कूशले निम्रोदलाई जन्माए। यिनीनै वीर पुरुष भए। यिनी परमप्रभुको सामु शक्तिशाली शिकारी थिए। यसैले "निम्रोदजस्तै परमप्रभुको सामु शक्तिशाली शिकारी" भन्ने आहान चलेको छ। सुरुमा तिनको राज्यमा बेबिलोन, एरेक,**

अक्कद र कल्नेह थिए, जुन शिनार देशमा छन्। त्यही देशबाट तिनी अश्शूरमा गए, र निनवे, रहोबोत-इर र कालह सहरहरू, अनि निनवे र कालहको बीचमा रेसेन सहर बनाए। रेसेनचाहिँ महान् सहर हो। मिश्रइम लूदी, अनामी, लहाबी, नप्तूही पत्रुसी, कस्लूही (जसबाट पलिश्तीहरू निस्के) र कप्तोरीहरूका पुर्खा थिए। कनानले आफ्ना जेठा छोरा सीदोन जन्माए। कनानबाट हित्ती, यबूसी, एमोरी, गिर्गाशी, हिव्वी, अरकी, सिनी, अर्वादी, समारी र हमातीहरू उत्पन्न भए। त्यसपछि कनानका वंशहरू जताततै फिँजिए। कनान देशको सिमाना सीदोनदेखि गरार जाने बाटोतिर गाजासम्म, र सदोम, गमोरा, अदमा र सबोयीम जाने बाटोतिर भएर लाशासम्म थियो। हामका छोराहरू, तिनका वंश र भाषाअनुसार, र तिनका देश र जातिहरू यी नै हुन्। येपेतका भाइ शेमका पनि छोराहरू जन्मे। शेम एबेरका सबै सन्तानका पुर्खा थिए। शेमका छोराहरूः एलाम, अश्शूर, अर्पक्षद, लूद र अराम थिए। अरामका छोराहरूः ऊज, हुल, गेतेर र मेशेक थिए। अर्पक्षदले शेलहलाई जन्माए। शेलहले एबेरलाई जन्माए। एबेरका दुई जना छोराहरू जन्मे। एउटाको नाउँ पेलेग थियो, किनभने तिनकै समयमा पृथ्वी अलग-अलग भागमा बाँड़ियो। तिनका भाइको नाउँ योक्तान थियो। योक्तानले अल्मोदद, शेलेप, हसर्मावेत, येरह, हदोरम, ऊजाल, दिक्ला, ओबाल, अबमाएल, शेबा, ओपीर, हवीला र योबाबलाई जन्माए। यी सबै योक्तानका छोराहरू थिए। तिनको वासस्थान मेशादेखि यता पूर्वको पहाड़ी देश सपारा जाने बाटोसम्म थियो। शेमका छोराहरू, तिनका वंश र भाषाअनुसार, र तिनका देश र जातिहरू यी नै हुन्। नोआका छोराका वंशहरू आफ्नो-आफ्नो जातिअनुसार यी नै हुन्। यीबाट जलप्रलयपछि पृथ्वीमा जाति-जाति अलग-अलग भएर जताततै फिँजिए।" यसै सन्दर्भमा लूका ३:२३-३८सम्म हेर्नु पनि सन्देशमूलक देखिन्छ, "येशूले आफ्नो सेवाकार्य आरम्भ गर्नुहुँदा उहाँ करीब तीस वर्षका हुनुहुन्थ्यो। मानिसहरू उहाँ योसेफका छोरा हुन् भन्ठान्थे। योसेफ एलीका छोरा थिए, एली मत्तातका छोरा, मत्तात लेवीका छोरा, लेवी मल्कीका छोरा, मल्की यान्नाका छोरा, यान्ना योसेफका छोरा, योसेफ मत्ताथियासका छोरा, मत्ताथियास आमोसका छोरा, आमोस नहूमका छोरा, नहूम इसलीका छोरा, इसली नग्गैका छोरा, नग्गै माथका छोरा, माथ मत्ताथियास छोरा, मत्ताथियास सेमैनका छोरा, सेमैन योसेखका छोरा, योसेख योदाका छोरा, योदा योआननका छोरा, योआनन रेसाका छोरा, रेसा यरुबाबेलका छोरा, यरुबाबेल शालतिएलका छोरा, शालतिएल नेरीका छोरा, नेरी मल्कीका छोरा, मल्की

अद्दीका छोरा, अद्दी कोसामका छोरा, कोसाम एलमादमका छोरा, एलमादम एर्का छोरा, एर् यहोशूका छोरा, यहोशू एलीएजरका छोरा, एलीएजर योरीमका छोरा, योरीम मत्तातका छोरा, मत्तात लेवीका छोरा, लेवी शिमियोनका छोरा, शिमियोन यहूदाका छोरा, यहूदा योसेफका छोरा, योसेफ योनानका छोरा, योनान एल्याकीमका छोरा, एल्याकीम मलेआका छोरा, मलेआ मिन्नाका छोरा, मिन्ना मत्ताथाका छोरा, मत्ताथाका नातानका छोरा, नातान दाऊदका छोरा, दाऊद यिशैका छोरा, यिशै ओबेदका छोरा, ओबेद बोअजका छोरा, बोअज सल्मोनका छोरा, सल्मोन नहशोनका छोरा, नहशोन अम्मीनादाबका छोरा, अम्मीनादाब आरामका छोरा, आराम हेस्रोनका छोरा, हेस्रोन फारेसका छोरा, फारेस यहूदाका छोरा, यहूदा याकूबका छोरा, याकूब इसहाकका छोरा, इसहाक अब्राहामका छोरा, अब्राहाम तेरहका छोरा, तेरह नाहोरका छोरा, नाहोर सरूगका छोरा, सरूग रऊका छोरा, रऊ पेलेगका छोरा, पेलेग एबेरका छोरा, एबेर शेलहका छोरा, शेलह केनानका छोरा, केनान अर्पक्षदका छोरा, अर्पक्षद शेमका छोरा, शेम नोआका छोरा, नोआ लेमेखका छोरा, लेमेख मतूशेलहका छोरा, मतूशेलह हनोकका छोरा, हनोक येरेदका छोरा, येरेद महलालेलका छोरा, महलालेल केनानका छोरा, केनान एनोशका छोरा, एनोश शेतका छोरा, शेत आदमका छोरा, आदम परमेश्वरका छोरा थिए।"

बाइबलमा बंशावलीको लेखा राखेको तीन कारणहरू छन्। पहिलोतः बाइबलका घट्नाहरू कसैले रुखमुनि बसेर ध्यान गरेर रचेको नभएर वास्तविक र ऐताहासिक हुन् भनेर देखाउनको लागि हो। यसमा उल्लेख गरिएका मानिसहरू र तिनीहरूसँग जोडिएका घट्नाहरू बास्तविक हुन्, मानिसहरू वास्तविक थिए, तिनीहरू जिए र मरेका थिए भनेर तिनीहरूको एक एक नाउँ उल्लेख गरेर देखाएकोले बाइबल ऐतिहासिक पुस्तक हो भनेर जिकिर गर्दछ। दोस्रोमा, प्राचिन समयदेखि लेखकको समयसम्म उल्लेख गरिएको बंशावलीले विगतको समयसँग "बर्तमान" समय जोडिएको देखाउँदछ। यसले बाइबल कुनै पौराणिक कथा वा हो कि होइन नभएर वास्तविक मानिसको इतिहाससँग जोडिएको पुष्टि गर्दछ। तेस्रो कारण, यसले हामीलाई मानिसको कमजोरलाईलाई याद दिलाउँछ, पापको कहालीलाग्दो र दुःख लाग्दो असरले सबै पुस्ताहरूमा घातक परिणामहरू ल्याएको पर्दाफास गर्दछ।

"हेमाइट वा हामका सन्तानहरू" (३० राष्ट्रहरू), "सिमाइत वा शेमका सन्तानहरू" (३६ राष्ट्रहरू) र "याफथाइट वा यपेतका सन्तानहरू"

(१४ राष्ट्रहरू) भनेर उल्लेख गर्दा तिनीहरू उल्लेख गरेको खास कारणहरू स्पष्ट छैन। तर तिनीहरूका सन्तानले ७०वटा राष्ट्रहरू खडा गरेका थिए भनेर मानिन्छ। ७०वटा राष्ट्रहरू भन्दा याकूबको घरानाको ७० सन्तानहरू भनेर देखाएको थियो (उत्पत्ति ४६:२७) र इस्राएलीहरू मरुभूमिमा यात्रा गर्दा नियुक्त गरिने ७० एल्डर वा अगुवाहरूको बारेमा पनि देखाइएको थियो (प्रस्थान २४:१,९)। हाम, यपेत र शेमका सन्तानहरूले उब्जाएका ७० राष्ट्रहरू र ७० एल्डरले सारा राष्ट्रहरूमा इस्राएलको लक्ष्य के थियो भन्ने अवधारणा पनि बुझाउँछः "जब सर्वोच्चले जाति-जातिहरूलाई उनीहरूका अंश दिनुभयो, जब उहाँले सबै मानिस-जातिलाई विभाजन गर्नुभयो, तब उहाँले इस्राएलीहरूका सन्तानको संख्याअनुसार जाति-जातिका सिमाना ठहराइदिनुभयो" (व्यवस्था ३२:८)। यही अवधारणामा, येशूले इस्राएलमा सुसमाचार सुनाउन ७० जना चेलाहरू पठाउनुभएको थियो (लूका १०:१)।

यस सन्देशले हामीलाई यो देखाउँदछ कि आदम र पूर्खाहरूको बीचमा सिधै सम्बन्ध छ; तिनीहरू सबै ऐतिहासिक पात्रहरू हुन्, आदमदेखि आएका पुस्ताहरू वास्तविक हुन्। बाइबलका हस्ती पूर्खाहरूमा एक पछि अर्को गरेर पौराणिक समयमा भएका घट्नाहरूको सिधै साक्षी भइरहेको देखाउँछ र तिनीहरूको व्यक्तिगत दिमागमा ती घट्नाहरू याद भइरहेको थियो भनेर पनि पुष्टि गर्दछ।

**उत्पत्ति र लूकाकै बंशावलीका मानिसहरू ऐतिहासिक हुन् र तिनीहरूको वास्तविक ऐतिहासिक अस्तित्वले हाम्रो आस्थाको निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, मत्ती १:१-१७ पनि, "अब्राहामका पुत्र, दाऊदका पुत्र, येशू ख्रीष्टको वंशावलीः अब्राहाम इसहाकका पिता थिए। इसहाक याकूबका पिता थिए, याकूब यहूदा र तिनका दाजुभाइहरूका पिता, यहूदा फारेस र जाहेरका पिता थिए। तिनीहरूकी आमा तामार थिइन्। फारेस हेस्रोनका पिता, हेस्रोन आरामका पिता, आराम अम्मीनादाबका पिता, अम्मीनादाब नहशोनका पिता, नहशोन सल्मोनका पिता, सल्मोन बोअजका पिता थिए। तिनकी आमा राहाब थिइन्। बोअज ओबेदका पिता थिए। तिनकी आमा रूथ थिइन्। ओबेद यिशैका पिता, यिशै दाऊद राजाका पिता थिए। दाऊद सोलोमनका पिता थिए। तिनकी आमा उरियाहकी पत्नी थिइन्। सोलोमन रहबामका पिता, रहबाम अबियाका पिता, अबिया आसाका पिता, आसा यहोशापातका पिता, यहोशापात यहोरामका पिता, यहोराम उज्जियाहका पिता, उज्जियाह योतामका**

पिता, योताम आहाजका पिता, आहाज हिजकियाका पिता, हिजकिया मनश्शेका पिता, मनश्शे अमोनका पिता, अमोन योशियाहका पिता, योशियाह यकोनियास र तिनका भाइहरूका पिता थिए। तिनीहरू बेबिलोनमा यहूदीहरूलाई बन्दी बनाएर लगिने समयअघि जन्मेका थिए। बेबिलोनमा बन्दी बनाएर लगिएपछिः यकोनियास शालतिएलका पिता थिए, शालतिएल यरुबाबेलका पिता, यरुबाबेल अबिउदका पिता, अबिउद एल्याकीमका पिता, एल्याकीम आजोरका पिता, आजोर सादोकका पिता, सादोक आखिमका पिता, आखिम एलिउदका पिता, एलिउद एलाजारका पिता, एलाजार मत्तानका पिता, मत्तान याकूबका पिता थिए। याकूब तिनै योसेफका पिता थिए, जसकी पत्नी मरियम थिइन्। यिनै मरियमबाट येशूको जन्म भयो, जो ख्रीष्ट कहलाइन्छन्।" यसरी अब्राहामदेखि दाऊदसम्म चौध पुस्ता भए, र दाऊदको समयदेखि बेबिलोनमा निष्कासन हुने समयसम्म चौध पुस्ता, र बेबिलोनमा निष्कासन भएको समयदेखि ख्रीष्टको समयसम्म चौध पुस्ता भए।"

## ३. एउटै भाषा

"पृथ्वीका सारा मानिसहरू" एक हुन किन चाहेका थिए? हेर्नुहोस्, उत्पत्ति ११:१-४ "त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीं बसोबास गरे। तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जतातै नछरिऔं।"

"सबै पृथ्वी" भन्दा जलप्रलयपछि रहेका थोरै संख्या मानिसहरू भनेर देखाउँदछ। तिनीहरू एकै ठाउँमा किन भेला भए भन्ने कारण स्पष्ट छः तिनीहरूले स्वर्गसम्मै जाने धरहरा बनाउन चाहेका थिए (उत्पत्ति ११:४)। अझ तिनीहरूको खास नियत भनेको सनातन सृष्टिकर्ता परमेश्वरको सिंहासन कब्जा गर्ने थियो। तिनीहरूका नियतहरू र कामहरूले सृष्टिको समयमा सृष्टिको परमेश्वरका नियतहरू र कामहरूको विवरणलाई प्रतिध्वनी गर्दछः "तिनीहरूले भने" (उत्पत्ति ११:३,४सँग उत्पत्ति १:६,९,१४ आदि तुलना गर्नुहोस्); "हामी बनाऔं" (उत्पत्ति ११:३,४सँग उत्पत्ति १:२६ हेर्नुहोस्)। तिनीहरूको नियत स्पष्ट छः "हाम्रो निम्ति हाम्रो नाउँ राख्न खोजौं" (उत्पत्ति ११:४ रूपान्तरित)।

यो भनाइ केवल परमेश्वरको निम्तिमात्र प्रयोग गरिएको थियो। हेर्नुहोस्, "तब उहाँका प्रजाले प्राचीनका दिनलाई, अर्थात् मोशा र तिनका प्रजाका दिनलाई सम्झे। समुद्रबाट उहाँको बगालका गोठालासमेत तिनीहरूलाई ल्याउने कहाँ हुनुहुन्छ? आफ्ना पवित्र आत्मा तिनीहरूका बीचमा राख्ने कहाँ हुनुहुन्छ- १२ जसले आफ्नो प्रतापी बाहु मोशाको दाहिने हाततिर पठाउनलाई बढ़ाउनुभयो, जसले आफ्नो नाउँ अनन्तको निम्ति प्रसिद्ध राख्नलाई तिनीहरूकै सामुन्ने पानीलाई दुई भाग गर्नुभयो, जसले तिनीहरूलाई ठेस नलागोस् भनेर वनमा घोड़ाहरूलाई झैं गहिरा-गहिरा ठाउँहरूबाट डोऱ्याउनुभयो? १४ जसरी गाईबस्तुहरू बेंसीमा चर्छन्, त्यसरी नै परमप्रभुको आत्माले तिनीहरूलाई विश्राम दिनुभयो। यसरी नै तपाईंले आफ्नो नाउँ महिमित पार्न आफ्ना प्रजालाई डोऱ्याउनुभयो" (यशैया ६३:११-१४)।

संक्षेप्तमा भन्ने हो भने बाबेलको धरहराका निर्माणकर्ताहरूले आफूहरूलाई सृष्टिकर्ता सनातन परमेश्वरको स्थानमा राख्न चलखेल गरेका थिए। त्यसको गर्न तिनीहरूलाई कसले उक्सायो त? हेर्नुहोस्, "ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, “म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु” (यशैया १४:१२-१४)।

जलप्रलयको सम्झना बाबेलको धरहरा बनाउन चाहनेकहरूको मनमा गुञ्जिनै रहेका थिए होलान्। त्यसैले गर्दा तिनीहरूले धरहरा बनाउने योजना गरेका थिए। अर्को जलप्रलय भयो भने त्यसबाट बच्न तिनीहरू आकाशभन्दा माथि जाने धरहरा बनाउने सुर थियो। जलप्रलयबाट पृथ्वी नाश हुनेछैन भन्ने परमेश्वरको प्रतिज्ञालाई तिनीहरूले ठुकऱ्याइ दिएको थियो। बेबिलोन वा आधुनिक इराकको सभ्यतामा अपभ्रंशरूप वा बाइबलसँग खास मेल नखाने भएतापनि जलप्रलयको घट्नाको विवरण सुरक्षित राखिएको छ। बाबेलको धरहरा वा बेबिलोन सहरको निर्माणमा जलप्रलयको कथा गाँसिएको छ। परमेश्वरको इच्छा विपरित आफ्नै प्रयासमा स्वर्ग जाने प्रयासले बेबिलोनको जोशलाई चित्रण गर्दछ। त्यसैकारण दानिएको पुस्तकमा पनि बाबेलको

धरहराको कथाको आशय उल्लखेनीय भएको हामी पाउँछौं। दानिएलको पुस्तकको सुरुमा शिनार भनेर सम्बोधन गर्दा बाबेलको धरहरा निर्माण गरेको स्थललाई औंल्याउँछ (उत्पत्ति ११:२)। यही ठाउँमा राजा नेबुक्दनेजारले यरुशलेमको मन्दिरमा आक्रमण गरेर लुटेर ल्याएको मन्दिरका खजानाहरू थुपारेका थिए (दानिएल १:२)। दानिएको पुस्तकमा उल्लेख गरिएका यस ठाउँमा हुने अरू घट्नाहरूमा नेबुक्दनेजारा राजाले बनाएका सुनको मूर्ती पनि उल्लेखनीय छ। सायद, बेबिलोनको धरहरा निर्माण गरिएको ठूलो चौरमा उनले मूर्ती बनाएका थिए। त्यसले गर्दा बेबिलोन सभ्यतामा यो ठाउँ प्रख्यात थियो भन्ने जनाउँदछ। आफ्नो दर्शनको अन्तमा दानिएलले पृथ्वीका राष्ट्रहरू भेलाभएको त्यही खालको दृष्य देख्छन् जब मानिसहरू परमेश्वरको विरुद्धमा एक भएका थिए (दानिएल २:४३, दानिएल ११:४३-४५सँग प्रकाश १६:१४-१६ तुलना गर्नुहोस्। जसरी सारा संसारका राष्ट्रका मानिसहरू जम्मा भएर परमेश्वरलाई हवाला दिँदा तिनीहरू असफल भएका थिए, त्यसरी नै बाबेलको धरहरा बनाउन प्रयास गर्दा मानिसहरू असफल भएका थिए।

**परमेश्वरलाई खास विश्वास नगर्ने फ्रान्सका एक जना लेखकले गत शताव्दीमा व्यक्त गरेका थिए कि मानिसको ठूलो लक्ष्य वा अखण्ड प्रयास नै "भगवान" हुन खोज्ने हो। अदनको बगैंचामा हव्वादेखि सुरु भएको भगवान हुने चाहना (उत्पत्ति ३:५) कस्तो खतरामूलक झुटो धारणा रहेछ र त्यसप्रति संसारका मानिसहरू कुनै न कुनै प्रकारले आकर्शिषत भइरहेको कुराले हामीलाई कसरी सतर्क गराउँछ?**

## ४. "हामी तल जाऔं"

**परमेश्वर यस पृथ्वीमा किन ओर्लेर आउनुभयो? जलप्रलयपछिमा के मानवीय घट्ना भयो जसले गर्दा ईश्वरीय हस्तक्षेपको आवश्यकता भयो?** हेर्नुहोस्, "मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आऔं, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।" तब परमप्रभुले त्यहीँबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने

**परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो" उत्पत्ति ११:५-९ र "तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु? म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ। प्रभातको पखेटामा उड़ेर समुद्रको पल्लो किनारमा गएर बसें भने पनि, त्यहाँ पनि तपाईंको बाहुलीले मलाई डोऱ्याउनेछ, र तपाईंको दाहिने बाहुलीले मलाई पक्रिराख्नेछ। यदि म भनूँ, "अँध्यारोले मलाई छोप्नेछ, अनि प्रकाश मेरो चारैतिर रातको अन्धकार हुनेछ," तापनि अन्धकार तपाईंको निम्ति अँध्यारो हुनेछैन, रात त दिनको उज्यालोजस्तै चम्कनेछ, किनभने अन्धकार तपाईंको निम्ति ज्योतिजस्तै हो" भजनसंग्रह १३९:७-१२।**

यो कस्तो अचम्म, मानिसहरू माथि जाँदै थिए तर परमेश्वर तल आउनु पऱ्यो रे! परमेश्वर यस संसारमा औंर्लनुको अर्थ उहाँको सार्वभौमिकता वा उहाँ सर्बेसर्बा हुनुहुन्छ भनेर प्रतिवद्धता देखाएको थियो। मानिसले जतिसुकै अथक प्रयास गरेतापनि परमेश्वरकहाँ ऊ पुग्न सक्दैन। धर्मकर्म, आत्मज्ञान, दर्शन, ज्ञानविज्ञानद्वारा मानिस जतिसुकै उचाइमा पुगेतापनि ती तत्वहरूद्वारा उहाँलाई भेट्न खोज्नु बेकारको छ, हास्यास्पद छ र वाहियात छ। त्यसैकारणले त, हामीलाई उद्धार गर्न येशू यस संसारमा ओर्लेर आउनुभयो; त्यसबाट बाहेक, उहाँले हामीलाई कुनै तरिकाले मुक्ति दिनुहुन्नथ्यो।

बाबेलको धरहराको विवरणमा परमेश्वरको भनाइ नै ठूलो व्यङ्ग थियो: "सहर र धरहरा हेर्न हामी तल ओर्लेर जाऔं" (उत्पत्ति ११:५ रूपान्तरित)। यथार्थमा, तिनीहरूको चर्तिकला हेर्न परमेश्वर ओर्लेर आउन आवश्यक थिएन (भजन २३९:७-१२)। अझ भजन २:४मा यसरी लेखिएको छ, "स्वर्गमा विराजमान हुनुहुनेचाहिँ हाँस्नुहुन्छ, परमप्रभुले तिनीहरूको उपहास गर्नुहुन्छ।" तैपनि, परमेश्वर ओर्लनुभयो। यस अवधारणमा हामीले एउटा महत्त्वपूर्ण तत्व पाउँछौं, त्यो हो, मानिसहरूको क्रियाकलापमा परमेश्वर कसरी संलघ्न हुनुहुन्दो रहेछ।

**परमेश्वर हामीतिर ओर्लनुभएको धारणाले देहायको पदले हामीलाई के सिकाउँदछ?** हेर्नुहोस्, **लूका १:२६:३३ "छैटौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। तिनी एउटी कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना**

**मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो। स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपा-पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग हुनुहुन्छ।" तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्। स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छयौ। अब हेर, तिमीले गर्भधारण गर्नेछयौ, र एउटा छोरो जन्माउनेछयौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछयौ। उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।"**

परमेश्वर तल ओर्लनुले अर्को अत्यन्तै महत्त्वपूर्ण शिक्षा वा उहाँको नीतिलाई औँल्याउँछ, त्यो हो हाम्रो धार्मिकता केवल विश्वासद्वारामात्र उपलब्ध हुन्छ र त्यो पनि परमेश्वरको अनुग्रहको प्रक्रिया। हामीले परमेश्वरको निम्ति जेसुकै काम गरेतापनि, हामीसँग भेट्न परमेश्वर तल आउनुपर्ने नै हुन्छ। हामीले के गर्छौं त्यसमा हाम्रो मुक्ति पाइने होइन न त उहाँकहाँ हामी पुग्छौं। तर, परमेश्वरले हामीतिर चाल्नुभएको कदमले हामीलाई मुक्ति दिँदछ। उत्पत्तिको पुस्तकमा परमेश्वर तल आउनुभएको कमसेकम दुई पटक उल्लेख गरिएको छ। त्यसको अर्थ यस संसारमा के भइरहेको थियो, त्यसप्रति उहाँको चासो थियो भनेर देखाउँदछ।

मानिसहरूको गहिरो एकतालाई भङ्ग गर्न परमेश्वर चाहेको थियो भनेर उत्पत्तिको त्यस पदले जनाउँछ। एकता आफै नराम्रो होइन, तर तिनीहरू पतित अवस्थामा एक भएर झन झन खराब काम गर्ने प्रवृत्तिप्रति परमेश्वरको आपत्ती थियो। त्यसैकारण, उहाँले तिनीहरूको भाषामा खलल ल्याएर तिनीहरूलाई अलमलमा पार्नुभएको थियो। त्यसले गर्दा एउटै लक्ष्यमा पुग्ने तिनीहरूको गठबन्दन तोडिएको थियो।

"बाबेलको धरहराको निर्माण गर्न योजनावद्ध तरिकाले एक भएका निर्माणकर्ताहरूको लक्ष्य लज्जास्पद र हारमा अन्त्य भएको थियो। तिनीहरूको महत्वाकाँक्षा, अहं, घमण्डी र मानव फुर्तीद्वारा बनाइएको धरहरा, तिनीहरूको मूर्खताको स्मारक बन्न पुग्यो। त्यही खालको प्रवृत्ति अझ पनि मानव सभ्यतामा निरन्तररूपमा जारी नै छ। परमेश्वरको व्यवस्थालाई लत्याएर मानिसहरू आफ्नै तर्क, धर्मकर्म, दर्शन आदिमा भरपरिरहने चाहना अहिले पनि हटेको

छैन। यस खालको प्रक्रियाले मानिस स्वर्ग जान सकिन्छ भनेर मानिसलाई मनस्थितिमा पार्नु सैतानको योजना हो। जुन प्रवृत्तिले कयिनलाई नियन्त्रण गरेर परमेश्वरको सामु भेटी चढायो त्यही प्रवृत्ति मानव दिमागमा अझ पनि कायमै छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२३बाट रूपान्तरित।

**बाबेलको धरहराको निर्माण गर्ने योजनाको विवरणमा मानवीय हठी, अहम्, अभिमान र आफूलाई परमेश्वरभन्दा पनि ठूलो र शक्तिशाली ठान्ने पतनकारी मानसिकताको ज्वलन्त उदाहरण हामी कसरी देख्दछौं? परमेश्वरबिनाको मानवीय योजना कसरी धुजा धुजा हुन सक्छ भनेर त्यसबाट हामीले कस्तो पाठ सिक्न सक्छौं? हाम्रै व्यक्तिगत जीवनमा त्यस कथाबाट के हामीले पाठ सिक्न सक्दैनौं र?**

## ५. निर्वासितहरूको उद्धार

**बाबेलको धरहरा बनाउनेहरू तितरबितर हुनु परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको योजनाको निम्ति किन महत्त्वपूर्ण थियो? हेर्नुहोस् देहायका पदहरू, "तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो" उत्पत्ति ११:८-९ र "त्यसपछि परमेश्वरले नोआ र तिनका छोराहरूलाई आशिष् दिएर भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदैजाओ" उत्पत्ति ९:१। पृथ्वीमा मानिसहरूले भरिने के परमेश्वरकै सुरुको योजना थिएन र? हेर्नुहोस्, उत्पत्ति १:२८ "परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"**

जब परमेश्वरले मानव जगतलाई सृष्टि गर्नुभयो र आशिष दिनुभयो तिनीहरू बृद्धि होस् र पृथ्वीमा भरियोस् (उत्पत्ति १:२८, उत्पत्ति ९:१, ) भन्ने योजना उहाँकै थियो। तर, परमेश्वरको योजनाको विरोधमा मानिसहरू एकै ठाउँमा रहने चाहना गरेका थिए। तिनीहरू किन सहरको निर्माण गर्न चाहेका थिए भनेर उत्पत्ति ११:४मा तिनीहरूको मनशायलाई यसरी स्पष्टरूपमा उल्लेख गरिएको छ, "तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र

स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जताततै नछरिऔं।" तिनीहरू पृथ्वीमा तितरबितर हुन चाहेन, बरु एकै ठाउँमा रहन चाहे। त्यसो गर्दा तिनीहरू अझ शक्तिशाली हुने, छरिएर एक आपसमा अलग नहुने तिनीहरूको सोच थियो। र, केही हदमा, तिनीहरू ठिक थियो।

तर दुर्भाग्यवस, तिनीहरूको एक भएर शक्तिशाली बन्ने तिनीहरूको योजना असल गर्न होइन खराब गर्न थियो। "आफ्नो नाउँ थाम्न वा उच्च पारिराख्न वा प्रख्यात बनाउने" तिनीहरूको योजना थियो। तिनीहरू कतिको अहंकारी, घमण्डी, अभिमानी थियो र आफ्नो उपलब्धीप्रति पनि फुर्ती देखाउन चाहेको थियो भनेर तिनीहरूको आशयले देखाउँदछ। तर, परमेश्वरबिना र उहाँलाई हाँक दिएर मानिसहरूले ज्ञानविज्ञान, दर्शन र राजनैतिकको नाउँमा जतिसुकै फुर्ती लगाएर हुँकार गरेपनि यसको अन्त वा पतन हुन्छ वा भलो हुन्दैन भन्ने कुरो विश्वको मानव इतिहासले बताउँछ र बताइरहेको छ।

त्यसकारण, परमेश्वरको खिलाफमा जाने वा उहाँको योजनालाई खुलेआम चुनौति दिने मानिसहरूको योजनालाई उहाँको न्याय अनुसार तिनीहरूलाई पृथ्वीभरि छरिदिनुभयो (उत्पत्ति ११:९)। यही कुरो नहोस् भनेर तिनीहरूले चाहेका थिए। बाबेल भन्ने शब्दको अर्थ "परमेश्वरको ढोका हो", तर त्यो शब्द बलाल balal भन्ने क्रियापदसँग गाँसिएको छ। त्यसको अर्थ हो "अलमल वा खलबल" (उत्पत्ति ११:९)। तिनीहरू परमेश्वरको "ढोकामा" आफ्नै प्रयासद्वारा पुग्न चाहेका थिए, तिनीहरू आफै पनि परमेश्वर भनेर ठान्न चाहेका थिए, त्यसको फलस्वरूप तिनीहरू खलबल वा अन्यौलमा परे र पहिलाभन्दा तिनीहरू कम शक्तिशाली बने। "परमेश्वरबाट स्वतन्त्र भएर आफ्नै सरकार स्थापना गर्ने बाबेलका मानिसहरूले अठोट गरेका थिए। तिनीहरूमा कोही कोही थिए, जसले परमेश्वरको भय मान्दथे, तर पाखण्डी मानिसहरूको योजनामा आकर्षित भएर तिनीहरूको लहैलहैमा ती परमेश्वरको भय मान्नेहरू पनि लागेका थिए। परमेश्वरलाई विश्वास गर्नेहरूको निम्ति उहाँले आफ्नो न्याय ढिलो गर्नुभएको थियो। बाबेलका मानिसहरूको सत्य स्वभाव वा चरित्र कस्तो थियो सो प्रकट गरुन् र विश्वासीहरूले देखुन् भन्ने परमेश्वरको चाहना थियो। जब परमेश्वरको खिलाफमा मानिसहरूको चरित्र उदाङ्ग भएको उहाँका जनहरूले देखे तब तिनीहरूले बाबेलको धरहरा बनाउने मानिसहरूलाई परमेश्वरतिर खिंच्न हरदम प्रयास गरे। तर, स्वर्गलाई चुनौति

दिने योजनाको निम्ति मानिसहरू पूरै एक हुने प्रतिवद्धता धरहराका निर्माणकर्ताहरू लागिरहे। यदि यो योजनालाई अवरुद्ध पारिएन भने भर्खर बचपनमा लागिरहेको पृथ्वी नैतिकविहिन हुन्थ्यो। तिनीहरूको सन्धीसम्झौता र एक हुने योजना विद्रोही भावनाको जगमा निर्माण गरिएको थियो। आफूलाई नै उच्च पारेर राज्य स्थापना गर्ने मानिसहरूको योजनामा परमेश्वरको स्थान हुने थिएन न त उनको सम्मान वा आदर हुने थियो। तिनीहरूमाथि परमेश्वरको प्रभुत्व हुने थिएन।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२३बाट रूपान्तरित।

**आफ्नो इज्जत थाम्न, आफ्नो नाउँ राख्न, आफू प्रख्यात हुन चाहने प्रवृत्तिबाट हामी कसरी जोगिने**?

## उपसंहारः

**थप जानकारीको निम्तिः** एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ११७-१२को "द टावर अभ बेबेल।"

"तिनीहरूले सहरको साथै त्यस सहरभित्र अत्यन्तै अल्गो र बिशाल गगनचुम्बी धरहरा निर्माण गर्न तिनीहरूले निर्णय गरेका थिए।...सबै जना मिलोमत्तो गरेर निर्माण गर्न थालेको ती सहर र धरहराको उद्देश्य थियो कि तिनीहरू जताततै तितरबितर भएर समूह समूहमा विभिजित भएर बस्न नपरोस्। सारा संसारमा फैलिन्दै, वृद्धि हुँदै पृथ्वीमाथि अधिकार गर भनेर परमेश्वरले मानिसहरूलाई निर्देशन दिनुभएको थियो; तर बाबेलको धरहरा निर्माण गर्नेहरू परमेश्वरको इच्छा विपरित एकत्रित समाज स्थापना गर्ने ढिपी गरेका थिए। तिनीहरूले त्यस समाजमा एक शक्तिशाली राजा उब्जाउन चाहेका थिए, अनि बिस्तारै सारा पृथ्वी उसकै मातहतमा रहुन्। तिनीहरूको सहर विश्वव्यापी राष्ट्रको महानगर वा राजधानी बनाउने तिनीहरूको सुर थियो। त्यस सहरको महिमालाई सारा संसारले तारिफ र सम्मान गरुन् साथै त्यसका संस्थापकहरू कति महान् भनेर तिनीहरूमाथि श्रद्धा राखुन् भन्ने बाबेल सहर तथा धरहराका निर्माणकर्ताहरूको दिवास्वप्न थियो। आकाशसम्मै पुग्ने विशाल धरहरा, निर्माणकर्ताहरूको महान् शक्ति र बुद्धि वा वौद्धिकताको स्मारक बनुन् साथै पछिका पुस्ताहरूले तिनीहरूको किर्तिलाई निरन्तररूपमा सम्झिरहुन् भन्ने तिनीहरूको चाहना थियो।

"यस संसारमा फेरि बाढीद्वारा ध्वस्त नपार्ने परमेश्वरको करारलाई शिनारको उपत्यकामा रहने मानिसहरूले विश्वास गरेका थिएनन्। तिनीहरूमा धेरैले परमेश्वरको अस्तित्वलाई अस्वीकार गरेका थिए अर्थात् नास्तिक थिए। जलप्रलय केवल प्राकृतिक प्रकोपमात्र हो भनेर तिनीहरूले ठानेका थिए। कतिले जलप्रलयभन्दा अघिका मानिसहरूलाई नाश गर्ने कुनै सर्वोच्च परमेश्वर हुन सक्छ; त्यस्तो परमेश्वरलाई किन विश्वास गर्ने भने तिनीहरूको हृदय कयिनको जस्तै कठोर पार्दै उहाँको विरुद्धमा आवाज उठाएका थिए। फेरि अर्को जलप्रलय भयो भने तिनीहरूले बनाएको धरहरामा पस्दा तिनीहरू सुरक्षित हुने भनेर त्यस धरहराको निर्माण गर्न थालेका थिए। विशाल र अग्लो धरहरा निर्माण गरेर कुनै पनि बाढीले तिनीहरूलाई छुन सक्दैन र तिनीहरू खतरामुक्त हुनेछ भन्ने तिनीहरूको सोच थियो। जब तिनीहरू बादलहरूमाथि उक्लेर जान्छन् तब बाढी किन आयो भनेर तिनीहरूले थाहा पाउनेछन् भन्ने अनुमान तिनीहरूको थियो। सहर र धरहरा बनाउने योजनाको मूल लक्ष्य थियो तिनीहरूको निर्माणकर्ता कति महान थिए भनेर पछिका पुस्ताहरूले तिनीहरूलाई पुजुन्। भविष्यका पुस्ताहरूको दिमागले परमेश्वरलाई विर्सुन् र मूर्तिपूजामा लागिरहुन् भन्ने ती निर्माणकर्ताहरूको लक्ष्य थियो।"एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ११८,११९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **आफ्नो नाउँ प्रख्यात बनाउन खोज्दा कतिपय मानिसहरू जोखिममा परेको विगत र वर्तमान इतिहासले बताएका उदाहरणहरू के छन्?**

आ. **हामी जो भएपनि वा चर्चै भएपनि जानी नजानी बाबेलको धरहरा निर्माण गर्ने प्रवृत्तिको खतराबाट कसरी पर बस्ने? थाहै नपाइकन हामी पनि आफ्नै बाबेलको धरहरा निर्माण गरिरहका हुनसक्छौं भनेर कसरी थाहा पाउने?**

## कथा ५
## अर्कोतिर म तपाईंलाई भेट्नेछु
## ओक्रेहेयन माटेन्गु, ३१, नामेबिया



कामबाट फर्केपछि मेरो सानीबा चिच्याउँदै घरमा आए र मेरी आमालाई बोलाए, "मेरी।" मलाई थाहा थियो के हुनेछ। घरमा जहिले पनि रिसले चुर भएर आउँथे र मेरी आमालाई बेस्सी कुट्थे। म पाँच वर्पको मात्रै थिएँ।म अरू चार जना दाजुभाइ र दिदीबहिनीहरू नामेबियाको सानो सहरमा हाम्रा बाबुआमालाई भेट्न गएका थियौं। हामी अर्को गाउँमा हजुर आमासँग रहन्थ्यौं। हजुर आमा बसेको गाउँ घरबाट ३५ किलोमिटर टाढा थियो। हामी बाबुआमाको घरमा छुट्टीमा आएका थियौं।

आमा भान्साकोठामा खाना पकाउनमा व्यस्त थिइन्। उनको पछाडी मेरो दुई वर्षको भाइ टमी बोकेकी थिइन्। टमीलाई कपडाले बेरिएको थियो। भान्सकोठाको ढोकालाई ढ्याम्म  हानेर मेरो सानिबा कराए, "खाना किन तयार छैन?" आमाको गालामा चड्कन दिँदै उनी कराए। मेरी आमा रूदै घरको पछाडिबाट बाहिर भागिन्। मेरो सानीबाले ठूलो लठ्ठी लिएर उनको पछि गए। अचानक उनले त्यो लठ्ठी मेरी आमातिर फ्याँके। आमाले त छल्यो तर सानो टमीलाई त्यस लठ्ठी लाग्यो। टमी चिच्याएर रोयो। मेरो आमाले मेरो सानीबातिर फर्केर "तपाईंले मेरो छोरोलाई मार्नुभयो।" सबैले सुन्ने गरेर उनी रोए। छिमेकीहरू आएर उनलाई घेरे। कसैले पुलिसलाई डाक्यो। पुलिस आएर हेर्‍यो र आम्बुलेनसलाई बोलायो। तिनीहरूले मेरो सानीबालाई हठकडी लगाएर झ्यालखाना थुने।

अस्पतालमा टमीलाई आपतकालिन शल्यक्रिया गर्‍यो। उसको टाउको फुटेको थियो। पछि गहभरी आँशु गरेर डाक्टरले भन्यो टमीको मगजमा ठूलो चोट परेको छ र उसको दाहिने शरीरको भाग पक्षाघात हुनेछ। मेरी आमा र परिवारिक मित्रहरू त्यो कुरा सुनेर अस्पतालकै कोठामा बेस्सरी रोए। कोठाको पल्लोपट्टीको कुनाबाट एक जनाले तिनीहरूलाई अनुरोध गर्‍यो, "के हामी प्रार्थना गर्न सक्छौं?" हातहरू उचालेर उसले प्रार्थना यो प्रार्थना गर्‍यो, "हे स्वर्गमा रहनुहुने परमेश्‌वर पिता, म एलिया होइन। न त यस

कोठामा रहेका कुनै मानिस भन्दा म पवित्र छु भनेर दावी गर्छु। तर म यहाँ येशूको अनुग्रहको छत्रछायाँमुनि उभिरहेको छु। यी मानिसहरूतिर नजर राखिदिनुहोस्। तिनीहरूको तिब्र पीडालाई सुन्नु होस्। तपाईंको इच्छा पूरा होस्। म येशू ख्रीष्टको नाउँमा पुकार्छु।आमेन।"

प्रार्थनापछि कोठा शान्त भयो। त्यहाँ शान्ति भएको मैले अनुभव गरें। स्वर्गमा परमेश्वर हुनुहुन्छ भनेर मैले बुझें। त्यस मानिसले परमेश्वरलाई चिनेको थियो।

दुई हप्तापछि टमीलाई अस्पतालबाट घर पठायो। डाक्टरले भनेकै अनुसार उसको दायाँ भाग पक्षाघात भएको थियो। उसलाई बोल्न पनि गाह्रो भएको थियो। धेरै महिनासम्म अस्पतालमा गरेको प्रार्थनाको बारेमा मैले सोचें। म पनि त्यसरी नै परमेश्वरसँग कुरा गर्न चाहन्थें। एक वर्षपछि जब म ६ वर्षको थिएँ तब म एडभेन्टिस्ट चर्चमा मेरो काकासँग प्रत्येक साबाथ गएँ। वर्षभरी म त्यस चर्चमा गएँ। त्यसबेला चर्चका सदस्यहरू प्रार्थना गरेको मैले देखेको थिएँ। तिनीहरू अस्पतालमा भएको मानिसले जस्तै प्रार्थना गर्दथे। तिनीहरूले परमेश्वरलाई चिनेको थियो।

फेरि त्यसै वखत टमीको जीवन कष्ट नै कष्टले भरिएको थियो। एक दिन जब टमी १२ वर्षको थियो र म १५ वर्षको थिएँ, हामी रूखको मुनि हजुर आमाले खानेकुरा बाँड्दै हुनुहुन्थ्यो, टमी मुर्छापर्‍यो र चिच्यायो, "म मर्दैछु!" अनि ऊ चुपरह्यो र सास फेर्न छोड्यो। हजुरआमाले सहयोगको निम्ति अरूहरूसँग गुहार मागिन्। मलाई के गरुँ के गरुँ भयो। अनि अस्पतालमा मानिसले गरेको प्रार्थना मैले सम्झें। मलाई शान्ति चाहेको थियो। मैले छोटो प्रार्थना गरें, "म सानैछु। यो पीडा सहन मलाई बल पनि छैन। टमी बाँच्न अर्को एउटा अवसर दिनुहोस्। आमेन।" एक छिनपछि टमीले हाच्छ्युँ गर्‍यो। उसले तीन पल्ट हाच्छ्युँ गर्‍यो। हजुरआमा चिच्याएर भनिन्, टमी जिउँदै छ!" मैले परमेश्वरलाई धन्यवाद दिएँ।

दश वर्ष भयो, म नामिबियाको राजधानी विनहोकमा सरें। त्यहाँ प्रार्थना गर्ने एडभेन्टिस्ट चर्चमा सरिक भएँ। तिनीहरूले परमेश्वरलाई चिनेका थिए।

एक दिन मेरी दिदीले मलाई फोनबाट बोलाएर भनिन् कि टमी धेरै बिरामी भयो। तुरुन्तै मैले गरेको प्रार्थना सम्झें र सोचें, "मैले परमेश्वरसँग

समय सापति लिएको थिएँ अब सिद्धियो।" मैले बसको टिकट किनें र १२०० किलोमिटर यात्रा गरेर मेरो भाइको अस्पतालमा म गएँ।

ऊ जिउन संघर्ष गर्दै थियो। तर उसमा केही भिन्नता भएको मैले महसुस गरें। उसको अनुहारमा शान्ति थियो। "मेरो समय अहिले नै हो," उसले मलाई भन्यो। मैले परमेश्वरसँग प्रार्थना गरेकोछु। मतपाईंलाई अर्कोतिर भेट्नेछु। परमेश्वरलाई विश्वास गर्न नछोड्नुहोस्। तीन दिनपछि टमीको मृत्युभयो। तर उसले बोलेको बोली मेरो कानमा अझै पनि गुञ्जिरहेको छ, "अर्कोतिर म तपाईंलाई भेट्नेछु। परमेश्वरमा विश्वास गर्दै रहनुहोस्।"

म विश्वविद्यालयमा रेडियो कार्यक्रम संचालन गर्नेमा ग्राडुएट भएँ। आजमा एडभेन्टिस्ट वर्ल्ड नामेबियाको स्टेशनको संचालक छु। अर्कोतिर टमीलाई भेट्न म प्रतिक्षा गरिरहेको छु। तपाईंले पनि तपाईंका प्रियजनहरू भेट्न सक्नुहुनेछ। त्यो समय नआउँञ्जेल परमेश्वरललाई विश्वास गर्दै रहनुहोस्।